# ऐतिहासिक पृष्ठभूमिमा



# प्रथम शहीद
# लखन थापामगर

# लेखकको परिचय



नाम : **लोकनेश थापा (ढेंगा) मगर**

जन्म स्थान : **ढेंगाछाप, क्याक्मी, स्याङ्जा**

हाल : **करहीया-१, मंगलापुर, रुपन्देही**

पेशा : **पत्रकारिता**

e-mail : loknesh_magar@yahoo.com

कृति :
१) **नेपाली महिला खरीद बिक्री एक जटिल समस्या** (कानपुर, भारत)
२) **अघोषित आरक्षण आखिर कहिलेसम्म**
३) **ऐतिहासिक पृष्ठभूमिमा प्रथम शहीद लखन थापामगर**

साथै पत्रपत्रिकाहरुमा थुप्रै फुटकर लेख रचनाहरु प्रकाशित।

प्रथम संस्करण : **१००१ प्रति – २०५७**

दोश्रो संस्करण : **१००१ प्रति - २०६६**

सहयोग मूल्य : **रु. १५/-**

सत्यशिला अफसेट प्रेस, बुटवल # ०७१-६१३९२३/९८०७९२४६०७

# ऐतिहासिक पृष्ठभूमिमा
# प्रथम शहीद लखन थापा मगर

मगर परिवारमा जन्मिएका लखन थापामगर देश र मानव स्वतन्त्रताका निम्ति लड्ने सच्चा व्यक्ति थिए। ४२ वर्षको अल्पायुमा जनताका लागि प्राण त्याग गर्ने उनी नेपालकै पहिलो शहीद हुन्।

राणा शासनप्रति जनमानसमा जुन रोष र असन्तोष थियो, त्यो निश्चय पनि मुक थियो। त्यस मुक असन्तुष्टिलाई वाणी दिने कुनै व्यक्ति थिएभने लखन थापामगर नै थिए।

राज्यसत्ता खोसी राजा बन्ने जंगबहादुरको योजना लखन थापामगरको विद्रोहले चकनाचुर पारिदियो। लखनको विद्रोहको कारणले नै जंगबहादुर पछिका राणाहरुले राजा बन्ने सपना त्यागी केही मात्रामा भए पनि जनहितका कार्य गर्ने प्रयास गरे। लखन थापामगरले गरेको विद्रोहको यो एउटा ठूलो उपलब्धि मान्नु पर्दछ।

यस्ता वीरहरु इतिहासमा धेरै होलान तर अन्धकारमा फ्याँकिएका वीरहरुको यस्तो भीडबाट लखन थापामगर अलग रहनुको एउटा कारण हो, उनको चेतनामूलक विद्रोह। लखन थापामगरबारे जति लेखिनुपर्थ्यो त्यति लेखिएन तर पनि उनका चेतनाका डोबहरुलाई समयले मेटाउन सकेन।

सन् ४ मार्च १८१६ सुगौली सन्धिपछि लखन थापामगरका पूर्खाहरुमध्ये आधा आफ्नो 'पुरानो गोरखा पल्टन'सँग काठमाडौं फर्केका थिए। बाँकी रहेका आधा इष्ट इण्डिया कम्पनिको फौजमा सेवा गर्न बसेकाहरु तेश्रो गोर्खामा नोकरी गरी कालान्तरमा अलमोडालाई आफ्नो भारतीय बतन बनाउन पुगेका थिए।

लखन थापामगरको जन्म (कास्कीको अर्घौ पनि भन्छन् ?) गोर्खा, बुङ्कोटमा वि.सं. १८९१मा भएको हो। आफ्ना नातेदार अलमोडामा हुनाले उही गई प्रारम्भिक शिक्षा लिएका थिए। त्यस समय नेपालमा आम जनतालाई शिक्षाको सुविधा थिएन्। आफ्ना खानदानले गोरखा राइफलमा (कुमाउ बटालियन) सेवा गर्ने परम्परा बसालिसकेकाले उनलाई पनि सोही पल्टनमा भर्ती हुन उनका नातेदारले बारम्बार आग्रह गरेका थिए। आफ्नो अन्तरहृदयले विदेशी सेनामा भर्ती हुन पटक्कै स्वीकृत नदिएका कारण राष्ट्रिय सेनामा भर्ती हुन काठमाडौं पुगे। वि.सं. १९११ मा २० वर्षको उमेरमा उनी आफ्नै पुर्ख्यौली पल्टन 'पुरानो गोरख गण' मगर पल्टनमा भर्ना भएका थिए। भर्ना हुँदा लक्ष्मण थापामगर नामबाट भर्ना



Missing Pages ..........
Contact :9847038727